# समावेशी लोकतन्त्रमा सूचनाको हक

❋कानुन लाल चौधरी
kanunlalchaudhary2040@gmail.com

**समावेशी लोकतन्त्रः अवधारणा/अर्थ**

नेपाली बृहत् शब्दकोअनुसार 'समावेश' शब्दको अर्थ सामेल गर्ने वा गराउने काम, सम्यक, प्रवेश वा कुनै विषय वा वस्तुभित्र मिल्ने काम, अन्तर्भूत हुने क्रिया, अन्तर्भाव भनी उल्लेख भएबाट समावेशीको अर्थ सामेल वा संलग्न गराउनु, भन्ने हुन्छ। यसैगरी "लोकतन्त्र" को अर्थ जनताको शासन हो जसको तात्पर्य निश्चित राजनीतिक समुदायभित्रका सार्वभौमसत्ता सम्पन्न जनताले खुला प्रतिस्पर्धाका माध्यमबाट आफ्नो शासक चुन्न पाउने र आफ्नो हकमा आफैँ निर्णय गर्ने व्यवस्था नै लोकतन्त्र हो।

लोकतन्त्रलाई अङ्ग्रेजीमा Democracy भनिन्छ। Democracy को नेपाली अर्थ प्रजातन्त्र वा लोकतन्त्र हुन्छ। नेपालमा यसको प्रयोग वि. सं. २००७ को राणाविरोधी आन्दोलनबाट शुरु भई वि.सं. २०४६ को राजाविरोधी जनआन्दोलन हुँदै वि.सं. २०६२/०६३ को जनआन्दोलनसम्म प्रजातन्त्र र तत्पश्चात् लोकतन्त्रको रूपमा हुँदै आएको छ।

सरल अर्थमा लोकतन्त्रलाई एउटा प्रकृया, सिद्धान्त, संस्कार, मान्यता, राजनीतिक दर्शन, जीवन पद्दति र सरकारको एक स्वरूप मान्न सकिन्छ। लोकतन्त्र निरपेक्ष नभै सापेक्ष हुने हुनाले समाजको बनोटअनुसार यसलाई बुझ्नुपर्ने हुन्छ। विभिन्न विद्वान्हरूले लोकतन्त्रको परिभाषा आ-आफ्नै किसिमले गर्ने गरेका छन् जसमध्ये केही परिभाषा निम्नबमोजिम रहेका छन् :

क) संयुक्त राज्य अमेरिकाका पूर्वराष्ट्रपति अब्राहम लिंकनका अनुसार Democracy is the government of the people by the people and for the people.

ख) सर हेनरी मेनका अनुसार : Democracy is simply and solely a form of government.

ग) लर्ड जेम्स ब्राईडका अनुसार : Democracy is a form of government in which the will of the majority of qualified citizens rules.

उपर्युक्त परिभाषाको आधारमा भन्न सकिन्छ "निश्चित राजनीतिक समुदायभित्र बस्ने सार्वभौमसत्तासम्पन्न जनताहरूले आफ्नो हकमा आफै निर्णय गर्ने व्यवस्थालाई नै लोकतन्त्र हो"। यसको प्रयोग प्रत्यक्ष वा प्रतिनिधिहरूमार्फत हुन सक्ने लामो अभ्यासले स्थापित गरिसकेको छ। लोकतान्त्रिक शासनको प्रमुख आधारको रूपमा कानुनको शासन, समता, सामाजिक न्याय, समानता, स्वतन्त्रता, बन्धुत्व, मानवता र निष्पक्ष आवधिक निर्वाचन रहेका हुन्छन्।

लोकतन्त्रबाट प्राप्त हुने फाइदा समाजमा रहेका सबै तह, तप्का र क्षेत्रका जनताले उपभोग गर्नबाट वञ्चित नगरिने र ती सबैले स्वामित्व ग्रहण गर्ने वातावरण बनाई आर्थिक, सामाजिक, सांस्कृतिक, राजनीतिक, भाषिक, लैङ्गिक, प्रादेशिक र धार्मिक समावेशीकरणको आधारमा राज्यसत्ता सञ्चालनमा सबैलाई विनाभेदभाव हिस्सेदार बनाउनु नै समावेशी लोकतन्त्र हो।

❋ **लेखक स्वतन्त्र अनुसन्धाता हुन्।**

अझै स्पष्ट रूपमा भन्नुपर्दा समावेशी लोकतन्त्र भनेको राज्यको राजकीय तथा सार्वजनिक मामलामा हिस्सेदार वा सहभागी बन्न नपाएका वा नसकेका सम्पूर्ण वर्ग, पेसा र तहका समुदायहरूलाई नीति निर्माण र कार्यान्वयनमा सहभागिता तथा समानुपातिक प्रतिनिधित्वको माध्यमबाट समान रूपमा अंशियार बनाउनु हो। यस नीतिले मुलुकका महिला, आदिवासी जनजाति, दलित, मधेसी, आर्थिक तथा सामाजिक रूपमा पिछडिएको क्षेत्रका जनसमुदायहरूलाई पनि देशको मूलधारमा समाहित गर्दछ। यसप्रकारको लोकतन्त्रको केही भ्रुणहरू प्राचीन स्वीजरल्याण्ड र मुक्तिपछिको अमेरिकामा देखापरेको भए तापनि यसको व्यवस्थित प्रारूपको प्रयोग सबभन्दा पहिला सन् १८४८ मा स्वीजरल्याण्डमा भएको हो।'

समावेशी लोकतन्त्रले केवल राजनीतिक प्रजातन्त्रको मात्र नभएर आर्थिक, सामाजिक, शैक्षिक र संस्कृतिसम्बन्धी नीति निर्माण र कार्यान्वयनका सम्बन्धमा पनि दिशानिर्देश गर्दछ। समावेशी लोकतन्त्रले त्यसबाहेक पर्यावरणीय पक्षका सम्बन्धमा पनि विचार गर्दछ, जहाँ मानव र प्रकृतिको सम्बन्धलाई पर्याप्त मात्रामा महत्त्व दिइन्छ। समावेशी लोकतन्त्रमा निर्वाचित प्रतिनिधिभन्दा पनि सरोकारवाला जनताहरूको बिचबाट सिधै निर्णय लिने प्रक्रियालाई महत्त्व दिइन्छ। समावेशी लोकतन्त्रलाई मानव अधिकारको रूपमा समेत बुझ्न सकिन्छ।

समावेशी लोकतन्त्रको सारको रूपमा रहेका चार तत्त्वहरू राजनीतिक, आर्थिक, सामाजिक र पर्यावरणीयमध्ये अघिल्ला तीन तत्त्वहरूले शक्तिहरूमा समान सहभागिताको पक्षपोषण गर्दछन्, जसको तात्पर्य मानव समुदायको एउटा हिस्साले अर्को हिस्सालाई शोषण, दमन वा उत्पीडनमा नपारोस् भन्ने मात्र रहेको हुन्छ भने पछिल्लो एक तत्त्वले मानव जातिले प्रकृति जगतलाई दमन नगरोस् भन्ने अभिप्रायः राखेको पाइन्छ, जसको तात्पर्य एउटा यस्तो पद्धति जसले मानव र प्रकृतिलाई पुनः मिलन गराओस् भन्ने रहेको हुन्छ।

वि.सं. २००७ देखि झण्डै दशकको उतारचढाव पार गर्दै संविधान सभाको माध्यमबाट नेपालको संविधान प्रारम्भ भएसँगै नेपाल नयाँ युगमा प्रवेश गरेको छ। नयाँ युगमा प्रवेश गर्नुपूर्व कायम रहेको एक जाति, एक भाषा, एक धर्म, एक संस्कृति निर्माण गरी मुलुकलाई राष्ट्रिय राज्य बनाउने मध्ययुगीन संस्कृतिको झझल्को नेपालको राज्य संरचनामा रहेको कारण देशको राज्यसत्ताको चरित्र गैरसमावेशी रहेकोमा नेपालको संविधानको प्रारम्भसँगै सामन्ती, निरङ्कुश, केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाले सिर्जना गरेका सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै, "बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई आत्मसात् गरी विविधताबीचको एकता, सामाजिक सांस्कृतिक ऐक्यबद्धता, सहिष्णुता र सद्भावलाई संरक्षण एवं प्रवर्द्धन गर्दै; वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने सङ्कल्पका साथ देश समावेशी लोकतन्त्रको चरित्र ग्रहण गर्ने दिशामा अग्रसर हुँदै अगाडि बढिरहेको छ (संविधान, २०७२)।

फोटो पाउलसले 'समावेशी प्रजातन्त्र' लाई 'प्रजातन्त्रको नयाँ अवधारणा' बताउँदै त्यसभित्रका प्रमुख तत्त्वका रूपमा राजनीतिक, आर्थिक, सामाजिक एवं पर्यावरणीय प्रजातन्त्रलाई समावेश गरे । उनको सूत्रात्मक परिभाषा थियोः 'समावेशी प्रजातन्त्र भनेको यस्तो सामाजिक सङ्गठन हो जसले समाजलाई आर्थिक, राजनीतिक र प्रकृतिका बीच पुनः एकीकृत गर्दछ ।' र, यो शब्द दक्षिणी अमेरिकाको क्रान्तिकारी हरियाली, महिला र मुक्तिकामी आन्दोलनसहित शास्त्रीय प्रजातान्त्रिक र समाजवादी आन्दोलनको संश्लेषणबाट विकास गरिएको हो (संविधान, २०७२)।

उपर्युक्त विवेचनाको आधारमा केही सीमित सम्भ्रान्त वर्गको हातमा मात्र राज्यसत्ता र शक्ति केन्द्रित रहेको कारण उत्पन्न भएको समस्यालाई समाधान गर्ने उपायको रूपमा समावेशी लोकतन्त्रले नयाँ युगका राजनीतिक, सामाजिक, सांस्कृतिक, आर्थिक र पर्यावरणीय विषयलाई बहुआयामिक कोणबाट पुनः व्याख्या गर्दछ र राज्यको राजकीय तथा सार्वजनिक मामिलामा हिस्सेदार वा साझेदार बन्न नपाएका वा नसकेका सम्पूर्ण वर्ग, जाति, क्षेत्र, लिङ्ग, धर्म, संस्कृति, भाषा, पेसा र तह आदि समुदायहरूलाई नीति निर्माण, निर्णय प्रक्रिया र कार्यान्वयनमा सहभागिता तथा समानुपातिक प्रतिनिधित्व वा सहभागिताको माध्यमबाट समान रूपमा अंशियार बनाई स्वामित्व ग्रहण गर्ने मौका प्रदान गर्दछ । समावेशी लोकतन्त्रका आधारहरूमा भाषिक, जातीय, धार्मिक, लैङ्गिक वा यौनिक, आर्थिक, राजनीतिक र प्रशासनिक आदि पर्दछन् (संविधान, २०७२)।

**समावेशी लोकतन्त्रः औचित्य र महत्त्व**

समावेशी लोकतन्त्रको प्रत्यक्ष सम्बन्ध जनता र तिनको शक्तिसँग हुन्छ । लोकतन्त्रमा सार्वभौमसत्ता र राजकीयसत्ता जनतामा मै निहित रहने हुँदा त्यसरी जनतामा निहित शक्तिहरू प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा जनताकै नाममा तिनका प्रतिनिधिहरूद्वारा प्रयोग हुन्छ (संविधान, २०७२)।

कुनै राष्ट्र वा ठुलो सङ्गठनमा प्रत्यक्ष र समावेशी प्रजातन्त्रको उपयोग ज्यादै कठिन छ । लोकतान्त्रिक राज्य व्यवस्थाका आधारभूत तत्त्वहरू जनताको प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, पूर्ण प्रेस स्वतन्त्रता तथा स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिका र कानुनी राज्यको अवधारणा लगायतका लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिबद्धता मध्ये प्रतिस्पर्धात्मक बहुदलीय लोकतान्त्रिक शासन प्रणाली, बालिग मताधिकार र आवधिक निर्वाचनलाई महत्त्वपूर्ण पक्षको रूपमा हेरिन्छ (संविधान, २०७२ ) ।

वर्तमान अवस्थामा विश्वका अधिकांश मुलुकहरूले कुनै न कुनै प्रकारको दलीय प्रणाली अबलम्बन गरेको पाइन्छ । यसैले लोकतन्त्रात्मक पद्दति अबलम्बन गर्ने मुलुकहरूमा लोकतन्त्रमा दलीय प्रणालीलाई राजनीतिक समाजको एक अभिन्न अङ्गको रूपमा लिने गरिएको छ ।

लोकतन्त्रलाई संस्थागत गर्दै विकास गर्ने क्रममा हरेक राष्ट्रका व्यवस्थापन निकाय र राजनीतिक दलहरूको भूमिका र दायित्व अत्यन्त महत्त्वपूर्ण हुन्छ । निर्वाचन व्यवस्थापन निकायलाई दिइएको जिम्मेवारी अनुरूप नै सो निकायको काम, कर्तव्य र अधिकार धेरै वा थोरै हुने कुरा निर्धारण हुने गर्दछ । लोकतन्त्रलाई विकसित र सुदृढ गर्नको लागि निर्वाचन व्यवस्थापन निकायको भूमिका र दायित्व महत्त्वपूर्ण हुने भएकोले आधुनिक

समयमा राज्य व्यवस्था सञ्चालन गर्ने सरकारको जिम्मेवारीभित्र पर्न आएको निर्वाचन व्यवस्थापनको कार्यलाई छुट्टै स्वतन्त्र, निष्पक्ष, स्वच्छ, पारदर्शी निकायको रूपमा खडा गरी निर्वाचन व्यवस्थापन निकायलाई जिम्मा दिने गरिएको छ।

समावेशी लोकतन्त्रमा जनताको शक्तिको प्रयोग तिनका प्रतिनिधिहरू (निर्वाचित व्यक्ति वा नेताहरू) द्वारा हुने गर्दछ। यस्ता प्रतिनिधि (नेता) स्वतन्त्र, स्वच्छ, निष्पक्ष र धाँधलीरहित निर्वाचनको माध्यमद्वारा प्रतिनिधिमूलक रूपमा लोकतन्त्रको प्रयोग गर्ने र समानुपातिक प्रतिनिधित्व अँगाल्ने चलन विश्वव्यापी रूपमा रहिआएको छ। यो संरचनाभित्र शक्ति सन्तुलन र नियन्त्रणको व्यवस्थाको सृजना गरी उत्तरदायी नेतृत्वको सुनिश्चिता प्रदान गर्न खोजिन्छ। यस्तोकक प्रणाली अपनाउँदा सामान्यतः लोकतान्त्रिक व्यवस्थालाई नै अपनाइने गरिन्छ। आधुनिक लोकतान्त्रिक व्यवस्थामा प्रतिस्पर्धात्मक बहुदलीय पद्धतिलाई संस्थागत गर्दै विकसित तुल्याउन राजनीतिक दलहरू अपरिहार्य मानिन्छन्। लोकतान्त्रिक व्यवस्थामा राजनीतिक दलहरू नै नागरिकहरूको अभिमत व्यक्त गर्ने सशक्त र निर्णायक माध्यम भएकोले जनताको समर्थन प्राप्त गरी स्थायित्व प्राप्त गर्नको लागि त्यस्ता दलको सामूहिक उद्देश्य, नीति, कार्यक्रम, परिलक्ष्य, परिदृष्य, कुशल नेतृत्व, उच्च नैतिकता, राजनीतिक संस्कृति, दलभित्र आन्तरिक सङ्गठनको लोकतान्त्रिकरण, सङ्गठनमा समावेशीकरण, जनसहभागिता र जनविश्वास आर्जन गर्न सोहीअनुसारको क्रियाकलापमा राजनीतिक दलहरू केन्द्रित हुनुपर्ने हुन्छ। स्वस्थ प्रतिपर्धामा नै लोकतन्त्र सुदृढ हुने भएकोले सो कार्यमा राजनीतिक दलको भूमिका उल्लेख्य रहन्छ।

राज्यको पुनःसंरचनाको क्रममा समावेशी लोकतन्त्रलाई व्यवहारमा उतारी अभ्यास गर्ने क्रममा यसले राजनीतिक, आर्थिक, सामाजिक र पर्यावरणीय क्षेत्रमा व्यापक जनसमुदायको पहुँच बढाउन र तिनलाई तिनको समन्यायिक स्थान दिलाउनसमेत मद्दत पुऱ्याउँछ। विकास प्रक्रियामा राज्य नै प्रमुख कर्ता भएको र विश्वव्यापीकरणले सबैका निम्ति कार्य नारामा कार्य गर्न प्रेरित गरेको परिप्रेक्ष्यमा गरीबी न्यूनीकरण गर्ने, आयमा असमानता घटाउने, मानव अधिकार र प्रजातन्त्रको प्रवर्द्धन गर्ने, वातावरणको संरक्षण गर्ने, दिगो विकास गरी समाजमा रहेको द्वन्द्व र असमझदारीको व्यवस्थापन गर्ने कार्य राज्यको प्रमुख कार्यसूचीमा राख्नको लागि समावेशी लोकतन्त्रको आवश्यकता र महत्त्व हुन्छ।

समावेशी लोकतन्त्रमा नागरिकको प्रभावकारी सहभागिता, मतदानको समानता, सुशिक्षित समझदारीको विकास, कार्यसूचीउपर अन्तिम नियन्त्रणको अभ्यास र सम्पूर्ण वयस्कहरूको संलग्नतालाई सुनिश्चित गरी देशको समग्र उन्नति र प्रगतिको लागि राज्य सँगसँगै विकासका अन्य गैरसरकारी साझेदार जस्तै निजी क्षेत्र, नागरिक समाज, स्थानीय निकाय, संस्था, अन्तर्राष्ट्रिय विकासका साझेदार संस्थाहरू, सञ्चार माध्यम एवं सर्वसाधारण व्यक्तिसमेतको सहभागिता र सहकार्यलाई अनिवार्य ठानिन्छ जसको लागि राज्यले आफै अब परिवर्तनको बाहकको भूमिकावाट छलाङ्ग हानेर सबलीकरणको भूमिकाबाट अगाडि बढी आफूलाई विभिन्न रूपमा प्रस्तुत गर्नुपर्ने हुन्छ।

ती अवसरहरूको प्राप्तिका कारण लोकतन्त्रमा दमनकारी शासनको अन्त्य, जनताका आधारभूत अधिकारहरूको बहाली, आम स्वतन्त्रता, आत्म निर्णयको अवसर, नैतिक स्वायत्तता, मानवीय विकास,

अत्यावश्यक नीति र हितहरूको संरक्षण, राजनीतिक समानता, शान्तिको कामना र राष्ट्रको समृद्धिजस्ता परिणाम प्राप्त गर्न सक्ने वातावरण सिर्जना हुन्छ । समावेशी लोकतन्त्रको औचित्व र महत्त्व र आवश्यकतालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ ः

- सीमित जात जातिको मात्र शासन प्रणालीमा रहेको सहभागिताको अन्त्य भई राज्य प्रणालीमा व्यापक सहभागिता जुट्ने,
- सामाजिक भेदभावको स्थिति अन्त्य हुने,
- क्षेत्रीय सन्तुलन कायम हुने,
- कुनै एक भाषाको मात्र एकाधिकारिक मान्यता अन्त्य हुने राष्ट्रभित्र बोलिने सबै भाषाहरूको सम्वर्द्धन/प्रवर्द्धन/प्रयोग गर्न सकिने उपयुक्त वातावरण सिर्जना हुने,
- देशका सबै क्षेत्र,वर्ग, समुदाय, लिङ्गलाई राज्य संयन्त्रको मूलधारमा ल्याइने प्रावधान हुने ।
- जनहित नै सर्वोपरी हुने गरी बहुलवादी समाजको श्रृजना गर्न,
- राष्ट्रिय नीति निर्माणमा व्यापक जनसहभागिता हुने तथा सरकारका नीति र निर्णयहरूमा खुला रूपमा प्रश्न राख्न पाइने वातावरणको सिर्जना हुने,
- व्यवहारतः नै रूपमा कानुनी राज्यको स्थापना र संविधानको सर्वोच्चता कायम हुने,
- जनप्रतिनिधिहरू पठाउने राजनीतिक दलहरूलाई उन्मुक्त रूपमा राजनीतिक क्रियाकलापहरूमा संलग्न हुन र आफ्नो राजनीतिक विचारधारालाई प्रस्तुत गर्ने स्वतन्त्रतालाई सुनिश्चितता प्रदान गरिने,
- राज्यशक्तिको सन्तुलित ढङ्गले बाँडफाँड हुने र यस्तो शक्तिको प्रयोगकर्ताले सार्वजनिक उत्तरदायित्व वहन गर्नुपर्ने अनिवार्य कानूनी प्रावधान हुने,
- संवैधानिक परिधि, परिपाटी र नियममा सबै आबद्ध भई संविधानले गरेको व्यवस्थाबमोजिम सबै विचारधाराहरू प्रस्तुत गर्न पाइने र सो प्रावधान जनुसुकै विचारधाराको दल सत्तामा आए पनि शास्वत रूपमा कायम रहने व्यवस्थाको सुनिश्चितता हुने,
- समाजमा शान्ति र सुव्यवस्थाको सुनिश्चितता गरी समतामूलक दिगो विकास हुने ।
- सामाजिक न्याय, भ्रष्टाचारको शून्य सहनशीलता सामाजिक तथा राजनीतिक पारदर्शिता आदिले प्रश्रय पाउने ।

**सूचनाको हकः अवधारणा/अर्थ**

समावेशी लोकतन्त्रमा नागरिक वा व्यक्तिका मानव अधिकारलाई तीन वर्गमा विभाजन गरिएको हुन्छः (१) मौलिक हक, (२) संवैधानिक हक र (३) कानुनी हक । सूचनाको हक मौलिक हक हो । आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने तथा कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको कसैलाई जानकारी दिन नपर्ने नागरिकको हक नै सूचनाको हक हो र यो हक सञ्चारको हक तथा

गोपनीयताको हकसँग पनि अन्तर सम्बन्धित हुन्छ । मौलिक हक भन्नासाथ यो नकारात्मक हक हुन्छ । यसको अर्थ जुनसुकै नेपाली नागरिक उपचार माग गर्दै सर्वोच्च अदालत र उच्च अदालतमा रिट निवेदन लिएर गएको खण्डमा तुरुन्त उपचार प्राप्त गर्न सक्षम हुन्छ।

हाम्रो देशमा कार्यान्वयनमा रहेको सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार 'सूचनाको हक' भन्नाले सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचना माग्ने र पाउने अधिकार सम्झनुपर्छ र सो शब्दले सार्वजनिक निकायमा रहेको कुनै लिखत, सामग्री वा सो निकायको काम कारबाहीको अध्ययन वा अवलोकन गर्ने, त्यस्तो लिखतको प्रमाणित प्रतिलिपि प्राप्त गर्ने, सार्वजनिक महत्त्वको निर्माण कार्य भइरहेको स्थलको भ्रमण र अवलोकन गर्ने, कुनै सामग्रीको प्रमाणित नमुना लिने वा कुनै पनि किसिमको यन्त्रमा राखिएको सूचना त्यस्तो यन्त्रमार्फत प्राप्त गर्ने अधिकारसमेतलाई जनाउँछ।

**सूचनाको हकः औचित्य र महत्त्व**

आधुनिक युग सूचना र सञ्चारको युग हो । आधुनिक लोकतान्त्रिक युगमा विश्वव्यापी गाउँको अवधारणाको विकाससँगै सूचनाको हकको महत्त्व अत्यन्त महत्त्वपूर्ण हुन पुगेको छ। समावेशी लोकतन्त्रमा यसको महत्त्व अझ बढी हुने कुरामा दुईमत हुन सक्दैन । राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरूप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्त्वको सूचनामा आमनागरिकको पहुँचलाई सरल र सहज बनाउन, राज्य र नागरिकको हितमा प्रतिकूल असर पार्ने संवेदनशील सूचनाको संरक्षण गर्न, नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउनको लागि सूचनाको हकको अपरिहार्य हुन आउँछ।

आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग गर्न र प्राप्त गर्न, कानुनद्वारा गोप्य राख्नुपर्ने सूचनाको कसैलाई जानकारी दिन बाध्य नपार्न, खास-खास कुरामा सम्बन्धित पक्षलाई प्रशिक्षित गर्न, जानकारीलाई खुला राख्न, तथ्यहरूलाई सार्वजनिक गर्न, खास व्यक्ति वा वर्गलाई सूचना सम्प्रेषित गर्न, सरोकारवालाको पहुँचसम्म सूचनालाई पुर्‍याइदिन, विचारको बोध गराइदिन एवं नागरिक बडापत्र बमोजिमको सेवा प्राप्त गर्नसमेत नागरिकहरूलाई सूचनाको हकको महत्त्व अत्यन्तै महत्त्वपूर्ण हुने गर्दछ।

**संवैधानिक र कानुनी व्यवस्था**

नेपालमा सूचनाको हकसम्बन्धी व्यवस्थाको शुरुवात वि.सं. २०४७ सालमा जारी संविधानबाट भएको हो। उक्त व्यवस्थालाई वि.सं.२०६३ सालमा जारी अन्तरिम संविधानमा समेत निरन्तरता दिइएको पाइन्छ । संविधान सभाद्वारा २०७२ सालमा निर्मित संविधानमा सूचनाको हकसम्बन्धी निम्न व्यवस्था गरिएको छ।

प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक हुनेछ। तर कानुनबमोजिम गोप्य राख्नुपर्ने सूचनाको जानकारी दिन कसैलाई बाध्य पारिने छैन । साथै संविधानमा सञ्चारको हक, गोपनीयताको हक र संवैधानिक उपचारको हकसम्बन्धी व्यवस्था पनि गरिएको छ । संविधानमा गोपनीयताको हकअन्तर्गत कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ति, लिखत, तथ्याङ्क, पत्राचार

र चरित्रसम्बन्धी विषयको गोपनीयता कानुनबमोजिम बाहेक अतिक्रम्य हुनेछ ।यसैगरी संवैधानिक उपचारको हकअन्तर्गत संविधानको भाग-३ द्वारा प्रदत्त हकको प्रचलनका लागि धारा १३३ वा १४४ मा लेखिएबमोजिम संवैधानिक उपचार पाउने हक हुनेछ' भनी उल्लेख गरिएको छ।

सूचनाको हक कार्यान्वयनमा ल्याउने श्रृङ्खलाको रूपमा सर्वप्रथम अरुण तेम्रो परियोजनाका सम्बन्धमा सर्वोच्च अदालतबाट आदेश जारी हुनुको साथै सूचनाको हकसम्बन्धी ऐन तुरुन्त बनाउन र सो ऐन नबनेसम्मका लागि अदालतबाट जारी सूचना माग्ने र पाउने ८ बुँदे कार्यविधि कानुन नबनेसम्म लागू रहने गरी परमादेशको आदेशसमेत जारी भएको पाइन्छ । तत्पश्चात् सूचनाको हकसम्बन्धी ऐन, २०६४, सूचनाको हकसम्बन्धी नियमावली, सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५, उपभोक्ता संरक्षण ऐन, २०५४, प्रेस काउन्सिल ऐन, २०४८, प्रशासकीय कार्य फछ्र्यौट नियमहरू, २०२६, सरकारी सेवा सुविधालाई प्रभावकारी तुल्याउने निर्देशिका, २०६१ जस्ता कानुन बनी लागु भएको पाइन्छ। हाल आएर क्षतिपूर्तिसहितको नागरिक बडापत्रको व्यवस्था पनि गरिएको छ जुन सूचनाको हकसँग पनि सम्बन्धित छ।

**संस्थागत र संरचनागत व्यवस्था**

समावेशी लोकतन्त्रको फल सबैले अनुभूत गर्ने, संविधानप्रति सबैको स्वामित्व भाव ग्रहण हुने र सूचनाको हकलाई सबैले आत्मसात् गर्ने वातावरण बनाउने प्रयोजनका लागि नेपालमा निम्नबमोजिमको संस्थागत र संरचनागत व्यवस्था रहेको पाइन्छ।

- सूचना तथा सञ्चार मन्त्रालय,
- राष्ट्रिय सूचना आयोग,
- सबै सरकारी निकायमा प्रवक्ताको व्यवस्था,
- सबै सरकारी निकायमा सूचना अधिकारीको व्यवस्था, र
- क्षतिपूर्तिसहितको नागरिक बडापत्रको व्यवस्था आदि।

**निष्कर्ष**

समावेशी लोकतन्त्रको सुन्दर पक्ष भनेकै समाजमा सुशासन कायम गर्नु हो । सुशासन जनताको हित र कल्याणलाई सर्वोपरि ठानी पारदर्शी, उत्तरदायी, सहभागितामूलक, समन्यायिक, स्वच्छ, सक्षम, सुदृढ, कुशल र विधिसम्मत शासन, प्रशासन सञ्चालन गर्ने एक प्रकारको प्रक्रिया र पद्धति भएकोले यसका लागि सूचनाको हक अपरिहार्य छ। सरकारी क्रियाकलापका बारेमा सुसूचित हुन पाउने नागरिक हक अधिकारलाई पारदर्शिताको माध्यमबाट जानकारीमा ल्याउने भएकोले यसका लागि सूचनाको हक आवश्यक छ । पारदर्शिताको आशय कुनै पनि सरकारी काम कारबाहीका विषयको भौतिक तथ्य, वस्तुस्थिति, बौद्धिक विचार वा मानसिक सोचलाई समेत खुला राखिनुपर्छ भन्ने रहेको पाइन्छ। संयुक्त राष्ट्र विकास कार्यक्रमका अनुसार स्पष्ट र सहज रूपमा आदान-प्रदान र खुल्ला रूपमा काम गर्ने प्रणालीलाई नै पारदर्शिता भनिएको

छ। पारदर्शितासम्बन्धी पाँच सुनौला नियमले पारदर्शिताका लागि सूचनाको हकको। औचित्यलाई थप पुष्टि गरेका छन् :

१. पारदर्शिता र उत्तरदायित्व सँगसँगै जानुपर्दछ,

२. पारदर्शिता र उत्तरदायित्व कानुनद्वारा नै स्पष्ट गरिनुपर्छ,

३. कुन-कुन कुरा सर्वसाधारणलाई र कुन-कुन कुरा सम्बन्धितलाई खुला गरिने हो, कानुनले नै तोकिनुपर्छ,

४. सुस्पष्ट र वस्तुगत मापदण्ड तोकिनुपर्छ, र

५. गुनासो सुनवाइको प्रभावकारी संयन्त्र स्थापित हुनुपर्दछ।

समावेशी लोकतन्त्रमा सूचनाको हकको महत्त्व विशेषगरी सार्वजनिक पदमा बसेर आफूले गरेको काम, निर्णय वा व्यवहारका सम्बन्धमा चित्तबुझ्दो उत्तर वा जवाफ दिन, सार्वजनिक कामलाई स्वच्छ, निष्पक्ष र प्रभावकारी बनाउन, जनताको आस्था र विश्वास आर्जन गर्न, सूचनाको हकलाई सुनिश्चित गर्न, सङ्गठनको लक्ष्य र उद्देश्य हासिल गर्न, समाजमा शान्ति, सुव्यवस्था, न्याय र समानता कायम गर्न एवं कानुनी राज्यको अवधारणालाई साकार पारी जनताको हक अधिकारको वास्तविक रूपमा संरक्षण गर्न, सार्वजनिक नीति, योजना र कार्यक्रम तर्जुमा एवं कार्यान्वयन तथा सोको अनुगमन र मूल्याङ्कन गर्न, सरकारका हरेक काम, कारबाही एवं गतिविधिहरू संविधान, कानुन, सङ्गठनात्मक अनुशासन, निश्चित पद्धतिमा आधारित, अनुमानयोग्य तुल्याउनको लागि हुने गर्दछ। यस अतिरिक्त सूचनाको हकको महत्त्व सबै सार्वजनिक निकायमा कार्यरत सबै पदाधिकारीहरू संविधान, कानुन र नीति नियमप्रति, आफूमाथिका तालुक अधिकारीप्रति, जनताप्रति, नागरिक समाज र सञ्चार जगत्प्रति र अदालतप्रति जबाफदेही र उत्तरदायी हुनका लागि पनि अति जरुरी छ।

**सन्दर्भ सामग्री**


– Woodcock, George ,1971, Anarchism, Middlesexm Penguin.

– Fotopoutos, Takls , 1971, Towards an Inclusive Democracy: The Crisis of the Growth Economy and the Needs for a New Liberty Project, London: Cassell.

- नेपालको संविधान, २०४७

- नेपालको अन्तरिम संविधान, २०६३

- नेपालको संविधान, २०७२

- सूचनाको हकसम्बन्धी ऐन, २०६४

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४